# उद्योग संरक्षणमा संवेदनशील सूची आवश्यक



**डा. पोषराज पाण्डे**
अर्थविद् (अध्यक्ष सावती)

साफ्टाअन्तर्गत नेपालले सन् २०१४ सम्ममा शून्यदेखि पाँच प्रतिशतमा झारिसक्नुपर्ने छ । उद्योग संरक्षण नीतिमा नेपालले आयात नियन्त्रण र बिम्स्टेक र साफ्टा सदस्य राष्ट्रबीच नेपाली वस्तुको शून्य भन्सार प्रवेश केन्द्रित हुनुपर्छ । खुला अर्थतन्त्रमा संवेदनशील वस्तु पहिचान गर्न थप गृहकार्य आवश्यक छ। निर्यात बढाउन पहल हुन नसक्दा वैदेशिक व्यापारघाटा बढ्दै गएको हो । भन्सार दायरा बढाउँदै दर घटाउने उपाय अवलम्वन गर्न आवश्यक छ ।

वैदेशिक व्यापार सरलीकरणमा नेपाल पछि पर्दै आएको छ। स्थानीय वस्तुको प्रतिस्पर्धीपन र क्षमता पहिचान थप आवश्यक छ। श्रमशक्तिको स्तरोन्नति र दक्षतासँगै उत्पादकत्वमा जोड दिन सकिन्छ ।

चुनौती सामना गर्न नेपाल तयार छैन । सरकारी दैनिक कार्य सम्पादनले निरन्तरता नपाएपछि व्यापार खस्किएको हो । आयात प्रतिस्थापन र निर्यातमा दीर्घकालीन योजना आवश्यक छ । बजार पाइसकेका वस्तुको उत्पादन लागत कटौती र व्यावसायिक श्रमशक्तिमा केन्द्रित हुन आवश्यक छ । अतिरिक्त नाफा उच्च हुने वस्तुको मात्र आयात नीति आवश्यक छ । संवेदनशीलता वस्तुको सूचीमार्फत उद्योग संरक्षण गर्न सकिन्छ ।